# चापाकोट नगरपालिकाका नगर प्रमुख श्री देव वहादुर खाँणज्यु द्धारा प्रस्तुत

# आ.व.२०८१ /८२ को

# वार्षिक नीति तथा कार्यक्रम

चापाकोट नगरपालिका

नगरकार्यपालिकाको कार्यालय,स्याङ्जा ।

विक्रम सम्वत २०८१ असार ०९ गते आईतवार

## १५ औं नगरसभामा पेश गरिएको आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम

चापाकोट नगरपालिकाको आ.व.२०८१/८२ को १५ औं नगरसभा समारोहमा उपस्थित यस नगरका उप-प्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यु, वडाध्यक्षज्युहरु, कार्यापालिका सदस्यज्युहरु, नगरसभा सदस्यज्युहरु, राजनितिक दलका प्रमुख एवम प्रतिनिधिज्युहरु, समाजसेवी बुद्धिजिवि, प्रत्रकार एवम सम्पुर्ण नगरबासी आमाबुवा दाजुभाई तथा दिदिबहिनी र कर्मचारी मित्रहरुमा यो भव्य समारोहमा यहाँहरुको गरिमामय उपस्थिति प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।

नेपालको संविधानले नेपाल संघीय लोकतन्त्रिक गणतन्त्र नेपाल भएको छ । लोकतन्त्र प्राप्तिको लागी विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने अमर सहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु , घाईते योध्दाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

म यस नगरसभाको क्रममा चालु आ.व. २०८०/८१ को यस अवधीमा भएका यथार्थ विवरण यहाँहरु समक्ष पेश गर्न गइरहेको छु ।गत आ.व भन्दा चालु आ.व २०८०/८१ को अवधिमा हामीले समग्र प्रशासनिक क्षेत्रमा महत्बपुर्ण प्रगति हासिल गरेका छौ ।

यस आर्थिक वर्षमा चालु तर्फ रु ४४, करोड २३, लाख ६०, हजार तिन सय सैतिस मात्र विनियोजन भएकोमा रु ३० करोड ८३ लाख ९०हजार ७७० खर्च भएको र पुँजीगत तर्फ रु. २३ करोड १२ लाख ८६ हजार ९६३ मात्र) विनियोजन भएकोमा हाल सम्म रु ११ करोड ७१ लाख ६४ हजार ३७९ मात्र खर्च भएको र समग्रमा जम्मा विनियोजित वजेट रु ६७ करोड ३७ लाख ४७ हजार ३०० मध्ये जम्मा खर्च रु ४२करोड ५५ लाख ५५ हजार १५० मात्र भई समग्रमा ६३.१७ प्रतिशत खर्च भएको ब्यहोरा जानकारी गराउदछु ।आर्थिक वर्षको अन्त्य सम्ममा खर्च प्रगति झण्डै ९०प्रतिशतको हाराहारी मा पुग्ने अनुमान गरेको छु। आगामी आर्थिक वर्षको अनुमानित आय व्यय अनुमान उप-प्रमुखज्युले पेश गर्ने आर्थिक ऐनमा विस्तृत रुपमा उल्लेख गरीएको छ ।

नगर सभा सदस्यज्युहरु

हाम्रा असीमित समस्याहरुलाई सिमित श्रोत र साधनको माध्यमवाट समाधान गर्न कठिन रहेको छ । विकास पुर्वाधारहरुको निर्माण ,जनताको आयस्तर र जीवनस्तरमा सुधार गरी समुन्नत समाजको निर्माण गर्ने हाम्रो मुख्य उद्येश्य रहेको छ । यही उद्येश्य पुरा गर्नको लागी हामी सवै जनप्रतिनिधिहरु, नागरीक समाज, राजनैतिक दलहरु, सामाजिक संघ संस्थाहरु, वुद्धिजीवीहरु सवैको संयुक्त प्रयास आवश्यक रहेको छ ।यस नगरपालिकाको नीति तथा कार्यक्रम निर्माण गर्नको लागी तपाई जनप्रतिनिधीहरु र आम सर्वसाधारणहरुले दिएका सुझावहरुलाई उच्च सम्मानका साथ ग्रहण गरी यथा सम्भव समावेस गर्ने प्रयत्न गरेको छु ।

आर्थिक विकास क्षेत्र

संघीय सरकार र गण्डकी प्रदेश सरकारको नीती तथा कार्यक्रममा आगामी दशकलाई कृषिमा लगानी दशकको रुपमा लगानी गर्ने नीति अनुरुप यस नगरपालिकाले पनि संघीय सरकार र गण्डकी प्रदेश सरकारको सहकार्यमा कृषि पकेट क्षेत्र, विउ विजन उत्पादन पकेट क्षेत्र, दुग्ध उत्पादन क्षेत्र र मौरी पालन कार्यक्रम सञ्चालन गरीनेछ । प्रत्येक वडाहरुमा नमुना कृषक समुह गठन गरी तरकारी तथा खाद्यान्नवालीहरुलाई उत्पादनमा वढावा दिईनेछ । कृषक परिचय पत्र प्रदान गरी व्यवसायिक किसानहरुलाई व्यवसाय प्रवर्द्धनमा जोड दिईनेछ ।यस नगरपालिका वडा नं.०८मा निर्माणाधीन चिस्यान केन्द्र निर्माण गरी सञ्चालनमा ल्याईनेछ ।प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको सहकार्यमा काष्ठफल, लिचि र आँप जस्ता फलफुलका विरुवा वितरण गरीनेछ । यस नगर क्षेत्रभित्र रहेका ठुला व्यवसायिक कृषक, पशुपालक किसानहरुको व्यवसायको प्रवर्द्धन र विकासमा आवस्यक सहयोग गरिनेछ । नगर क्षेत्रभित्र रहेका सहकारी संस्थाहरुलाई जनताको सुख दुखको साथी संस्थाको रुपमा विकास गरी सहकारीहरुलाई भरोसा योग्य संस्थाको रुपमा विकास गर्न आवस्यक पहल कदमी गरीनेछ । लघुउद्यम विकास कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ।

नगरक्षेत्रभित्रका स्थानीय कृषकहरुले उत्पादन गरीएका कृषि उत्पादनको प्रवर्धन गर्न र बजारीकरण गर्नको लागि चापाकोट नगरपालिका भित्र रहेका सहकारीहरुको छाता सगठन सँगको सहकार्यमा कृषि एम्बुलेन्सको माध्यमबाट बजारीकरण गर्ने ब्यवस्था मिलाइनेछ । नगरमा आवश्यकता अनुसार सहकारीहरुको छाता सगठनसँगको सहकार्यमा हाटबजार संचालन गरीनेछ । रैथाने वालीहरुको संरक्षण गर्ने निती अवलम्वन गरिनेछ । बाँझो जमीनमा खेती गर्ने किसानहरुलाई व्यवसायिक योजनाको आधारमा प्रोत्साहनका कार्यक्रमरु ल्याईनेछ ।

## पुर्वाधार विकास क्षेत्र

चापाकोट नगरपालिकाको सवै वडा केन्द्र देखि नगरपालिकाको केन्द्र जोडने सडकहरुलाई मुख्य प्राथमिकताको साथ स्तरोन्नती गरीनेछ । वडा केन्द्र देखि नगरपालिका केन्द्र सम्म वाह्रै महिना यातायात सुचारु गर्न आवस्यक पहल गरीनेछ । मुकुन्देखोला, खोरीयाघाँट र पाकरी खोला जलासयको विस्तृत अध्ययन प्रतिवेदन तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि वढाईनेछ । यस्ता जलाशय युक्त आयोजनाहरुलाई पर्यटन पूर्वाधारको रुपमा विकास गरी आन्तरीक पर्यटक भित्र्याउने नीति अवलम्वन गरिनेछ । वर्षातको समयमा वा विविध कारणले अवरुद्ध भएका सडकहरुलाई यथासम्भव संचालन गर्नेगरी मर्मत सम्भारको व्यवस्था गरिनेछ । वडा कार्यालय भवन निर्माणको लागी प्रदेश सरकार, संघीय सरकार र स्थानीय सरकारको सहकार्यमा शुरुवात गरिनेछ। यस नगरपालिकाको मुख्य वजार क्षेत्रहरुमा सिसि क्यामेरा जडान गरीनेछ जसले गर्दा वजारमा सवारी दुर्घटना र चोरी लुटपाट जस्ता घटनाहरु नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरेको छु । वडा नं १,३,४ को वडा भवन निर्माण गर्नको लागी बजेट विनियोजन गरिने छ । वडा नं १,३,४, ६र ७ को केन्द्र जोडिने सडक स्तरन्नतीका लागी बजेट विनियोजन गरीने छ । यस्ता योजनाहरुको सचालन गर्न न.पा. वाट अख्तियारी गरिएको पूर्व नीति तथा कार्यक्रमको निरन्तरता गरी न.पा. वाट वडाको केन्द्र जोड्ने सडक निर्माण तथा सतरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## सामाजिक विकास क्षेत्र

नगर क्षेत्रभित्रका विद्यालयहरुलाई वालमैत्री विद्यालय वनाउनको लागी आवस्यक तालीमहरु संचालन गरीनेछ । माध्यमिक तह अध्ययनरत विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श तालीम लगायत विविध उत्प्रेरणात्मक तालीमहरु प्रदान गरीनेछ । विद्यालयहरुमा पढदै, सिक्दै र कमाउदै कार्यक्रमहरु संचालन गरीनेछ ।कक्षा १-५ सम्मको स्थानीय पाठयक्रमलाई निरन्तरता दिदै यसै शैक्षिक सत्र वाट कक्षा ६-८को स्थानीय पाठयक्रम तयार गरी लागु गरिनेछ । चापाकोट क्याम्पसमा नगर प्रमुख छात्रवृति कार्यक्रम संचालन गरीनेछ । प्राकृतिक श्रोत व्यवस्थापन कलेज चापाकोट कृषि क्याम्पस सञ्चालनमा संघीय सरकार संगको समन्वयमा आवस्यक पहल गरी नगरपालिका बाट आवश्यक बजेट विनियोजन गरिनेछ । खोप तथा खोप सामग्रीको आपूर्ति ब्यबथापन चुस्त दुरुस्त गरि २१ वटा खोप केन्द्रहरुबाट नियमित खोप सेवा प्रबाह गरि पूर्णखोप दिगोपना सुनिश्चित नगरपालिका बनाउन निरन्तरता दिंदै खोप सेवालाइथप प्रभाबकारी बनाउदै लगिनेछ।

सुरक्षित मातृत्वसेवालाई प्रभावकारी बनाउदै घरमै हुने सुत्केरीको संख्यालाई शुन्यमा झर्नुको साथसाथै शत प्रतिशत संस्थागत सुत्केरीको अवस्थामा पुर्याइनेछ।मल्याङ्गकोट स्वास्थ्य चौकीको स्तरोन्नति गरि बिर्थिंग सेन्टर (Birthing Center) संचालन गरिनेछ । ५वर्ष मुनिका वालवालिकाहरु तथा सुनौला हजार दिने आमाहरुलाई पोषण प्रवर्धन कार्यक्रम सञ्चालन गरि पोषणमैत्री नगरपालिका बनाउन निरन्तरता दिइनेछ। निशुल्कः आधारभूत स्वास्थ्य सेवा प्रबाह गर्न अत्याबश्यक औषधी तथा औजार/उपकरण खरिद गरि स्वास्थ्य समग्री र दक्ष स्वास्थ्यकर्मीको निरन्तर उपलब्धता सुनिश्चितता गरिनेछ ।स्वास्थ्य ब्यबस्थापन सूचना प्रणालीलाई प्रबिधिमैत्री बनाउन चापाकोट अस्पतालमा Electronic Medical Record (EMR ) प्रणाली लागु गरिनुका साथै आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा Electronic Health Management Information System (e-HMIS) प्रणाली लागु गरिनेछ।चापाकोट अस्पताललाइ प्रभावकारी रुपमा संचालन गर्न चापाकोट अस्पताल संचालन एबं ब्यबस्थापन कार्यविधि जारी गरिनेछ।नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुको सबलीकरण गर्दै लैजानुका साथै चापाकोट अस्पतालमा सर्जिकल कक्ष स्थापना (OT setup)र थाइराइड जांच सेवा संचालन गरिनेछ।चापाकोट अस्पतालमा Mortuary Chamber खरिद गरि संचालनमा ल्याइनेछ।सर्पदंश उपचारका लागि अस्पतालमा थप औजार उपकरण ब्यबस्थापन गरि तालिमप्राप्त स्वास्थ्यकर्मीद्वारा सेवा प्रबाह गरिनेछ। हरेक वडामा बृहत् निशुल्क स्वास्थ्य शिबिर संचालन गरि रोगहरुको रोकथाम र नियन्त्रण गरिनुका साथै महामारी रोकथाम र नियन्त्रणमा उच्च प्राथमिकता दिइनेछ।बिद्यालय स्वास्थ्य तथा स्वास्थ्य शिक्षा कार्यक्रम सबै बिद्यालयहरुमा नियमित रुपमा संचालन गरिने छ ।अति बिपन्न, अपाङ्गता भएका व्यक्ति तथा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको परिवारलाई निशुल्कः स्वास्थ्य बीमा कार्यक्रम संचालन गरिनेछ।आयुर्वेद तथा प्राकृतिक चिकित्सालाई प्रोत्साहन गर्दै योग, ध्यान लगायतका विधिहरुलाई अवलम्बन गर्दै स्वस्थ नागरिक बनाउन, नसर्ने रोग नियन्त्रणको लागी जनचेतनामुलक कार्यक्रम संचालन गर्दै लगिनेछ ।जनस्वास्थ्य प्रवर्धनमा महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको भूमिकालाई कदर गर्दै यातायात खर्च बापत मासिक रु २०००/- उपलब्ध गराउनुका साथै ६० वर्ष उमेर पुगेका स्वास्थ्य स्वयं सेविकाहरुको सम्मानजनक बिधाईलाइ पालिकाबाट रु २५,०००/- थप गरिनेछ।

विभिन्न संघ संस्थाहरुको सहकार्यमा खेलकुद कार्यक्रमहरु संचालन गरीनेछ। नगरपालिका वाट राष्टिय टोलीमा प्रतिनिधित्व गर्ने खेलाडीहरु र राष्टिय कलाकारहरुलाई उचित सम्मान र प्रोत्साहन गरीनेछ ।शितलटार पार्क,रामडाडा, बायोडाँडा भ्युटावर, सिर्मिनकोट पर्यटकीय क्षेत्रलाई नगरपालिकाको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गरीनेछ । सिम्रिङकोट पर्यटकीय पार्कमा गण्डकी प्रदेश सरकारको सहकार्यमा पुर्वाधार निर्माण गरीनेछ । राधादामोदर मन्दिर केलादी धामलाई धार्मिक अनुष्ठान, यज्ञयज्ञादी गर्ने गरी धार्मिक पर्यटनको रुपमा विकास गरीनेछ।नगर क्षेत्रभित्र रहेका अन्य धार्मिक स्थलहरु मल्याङकोट खडगकालीका मन्दिर, मणी मुकुन्देश्वर ,खोरीयाघाँट ,रामघाट, उत्तरगँगा धाम, भक्तेश्वर शिवालय मन्दिर लगायत विवध धार्मिक साँस्कृतिक महत्व वोकेका मठ मन्दिरहरु संरक्षण र विकास गरीनेछ । स्थानीय स्तरमा रहेका रहेका संघ संस्थाहरुको समन्वयमा शिक्षा स्वास्थ्य, खेलकुद,

पर्यापर्यटन, वातावरण संरक्षण,जलचर संरक्षणका कार्यहरु गरीनेछ। सामुदायिक वन ,निजी तथा आवादी क्षेत्रमा रहेका वन पैदावारहरुलाई आय आर्जनको माध्यम वनाई संरक्षण र उपभोग गर्ने निती लिईनेछ । स्थानीय स्तरमा वोलिने भाषाहरुको संरक्षण र संवर्द्धनमा विशेष पहल गरीनेछ । जेष्ठ नागरीकहरुको ज्ञान सीप र अनुभवलाई नयाँ पुस्ताहरुमा हस्तान्तरण र पुस्तान्तरण को कार्यलाई जोड दिईनेछ ।राष्ट्र निर्माणमा साहित्य क्षेत्रको पनि महत्वपुर्ण भुमिका रहने भएकोले समय समयमा साहित्य गोष्ठी ,रचना वाचन, कला संस्कृतिको झाँकी प्रदर्शन जस्ता कार्यहरु गरिनेछ । स्थानीय स्तरमा रहेका परम्परागत काँठका भाडा वनाउने उद्योगहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

## वातावरण तथा विपत व्यवस्थापन

विपत जति वेला पनि पर्न सक्छ भन्ने कुरालाई हेक्का राखी विपद सम्वन्धी पुर्व तयारीका कार्यहरुलाई विशेष जोड दिईनेछ । आगलागी नियन्त्रणको लागी पावर स्प्रे खरीद ,अग्नि रेखा निर्माण कार्य गरीनेछ । प्रकोप पछिको राहत तथा उद्दार र पुनर्स्थापना कार्यलाई विशेष जोड दिईनेछ ।स्थानीय सडकहरुको सरसफाई तथा मर्मतमा जोड दिईनेछ । प्रकोप हुन सक्ने क्षेत्रहरुको पहिचान गरी सम्भावित जोखिमहरु न्युनीकरण गर्न पहल गरिनेछ । विपत व्यवस्थापनको लागी विपत व्यवस्थापन कोष सँचालन भइरहेको छ । सिमसार क्षेत्र र जलचर क्षेत्रहरुको संरक्षणको योजना तयार गरी लागु गरीनेछ । वर्षातको समयमा जाने पहिरो ,भुक्षय-वाट हुने जोखिम न्युनीकरण गर्न आवस्यक पहल गरिनेछ ।

## संस्थागत विकास सुशासन तथा वित्तिय पारदर्शिता

लामो समय देखि रोकीएको जग्गा कित्ताकाट सम्वन्धी कार्यको डिजिटाइजेशनको प्रक्रिया पुरा भई सूचना समेत प्रकाशित गरिएको सन्दर्भमा कित्ताकाटको कार्यलाई छिट्टै फुकुवा गरीनेछ ।प्रधानमन्त्री रोजगार कार्यक्रम र स्थानीय तहको सहकार्यमा वेरोजगार व्यक्तिहरुलाई आवस्यक रोजगारीको सिर्जना गरिनेछ । स्थानीय तहको अधिकार क्षेत्र भित्रका कार्य सन्चालन सहजीकरण गर्न हाल सम्म ४५ वटा ऐन कानुन निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ। आगामी आर्थिक वर्षमा कार्य सन्चालनमा आवस्यक पर्ने कानुनहरु निर्माण गरीनेछ । नगरवासीहरुको घरघरमा गई डिजिटल प्रोफाईल तयार गरी तथ्याङ्कको आधारमा चापाकोटको रणनैतिक गुरुयोजना तयार गरिनेछ । स्थानीय स्तरमा गठन भएका आमा समुह ,वालक्लव,युवा क्लव,गैरसरकारी संस्थाहरुसंग स्थानीय उत्पादन, सरसफाई, खेलकुद कार्यक्रम र संस्कृति संरक्षण कार्यहरुमा सहकार्य गरी कार्यक्रम सँचालन गरीनेछ । संघ संस्थाहरुको

कार्यलाई व्यवस्थित तवरवाट संचालन गर्नको लागी संस्था दर्ता संचालन कार्यविधी तयार गरी संस्थाहरुको वार्षिक कार्ययोजना ,लेखापरीक्षण प्रतिवेदन र साधारण सभा गरेपश्चात मात्र नविकरण गर्ने व्यवस्था गरीनेछ ।यस नगरपालिका वाट स्वदेश वा विदेशमा गई  अध्ययन, रोजगारी र व्यापार व्यवसाय गरी विशेषज्ञता हासिल गरेका वौद्धिक व्यक्तित्वहरुसंग राय सल्लाह र् सुझावहरु ग्रहण गरी सोही अनुसारका कार्यक्रमहरु तयार गरीनेछ ।

अन्त्यमा

विकास र समृद्धि हाम्रा साझा अभियान हुन यी साझा अभियानमा हातेमालो गरी आ-आफ्नो क्षेत्रवाट सकरात्मक भुमिका निर्वाह गर्नको लागी यहाहरु सवैमा विनम्र अनुरोध गर्दछु । व्यस्त समयको वावजुद पनि यस नगरपालिकाको पन्ध्रौ नगरसभामा उपस्थित भई नीती तथा कार्यक्रम सम्वन्धि छलफल कार्यक्रममा सहभागी भईदिनुभएकोमा हार्दिक आभार प्रकट गर्दै आगामी दिनहरुमा यहाहरुको सहयोगको अपेक्षा गर्दछु ।धन्यवाद

देव बहादुर खाँण

नगर प्रमुख